मंसीर २९, २०६५

# प्रेस विज्ञप्ती

## डेभलपमेन्ट क्रेडिट बैंकको लिमिटेडको आठौ बार्षिक साधारण सभा सम्पन्न

डेभलपमेन्ट क्रेडिट बैंक लिमिटेडको आठौं बार्षिक साधारण सभा आज सम्पन्न भयो । उक्त सभाले आर्थिक वर्ष २०६४/६५ को वित्तीय विवरणहरु स्विकृत  ग-यो ।

गत आर्थिक वर्षको करिव साढे दश महिना विकाश बैंकको काम गरेको बैंकले गत वर्षको भन्दा २२% ले खुद नाफा वृद्धी गरी शेयरधनी कोषमा रु ५ करोड ५२ लाख थप्न सफल भएको छ । यसवाट बैंकको हालको चुक्तापूजी रु १ अरब १० करोडमा जगेडा तथा कोषहरु समेत थप गरि जम्मा शेयरधनी कोष रु १ अरब २२ करोड पुगेको छ । त्यस्तै सो सभाले २:१ हकप्रद शेयर निष्काशन गर्ने प्रस्ताव पारित गरेको छ ।

सो अनुसार बैंकले निकट भविष्यमा नै २:१ हकप्रद शेयर निष्काशन गर्ने र यसवाट यस आर्थिक वर्ष भित्रै चुक्तापूजी रु १ अरब ६६ करोड पुग्ने तथा २०६७ आषाढ मसान्तभित्र पूजीकोष रु २ अरब पुरयाउने पर्ने प्रावधान अन्तरगत नपुग चुक्तापूजी संचित मुनाफावाटै पुरयाउने लक्ष लिएको जानकारी उक्त सभामा बैकका प्रेसिडेन्ट श्री सुधीर खत्रीले जनाउनु भयो । त्यसको लागी चालु वर्षमा बैंकले रु २० करोड संचालन मुनाफा गरी १२ करोड खुद नाफा गर्ने तर्फ प्रयत्नशिल रहेको समेत उहाँले जानकारी गराउनु भयो ।

उक्त सभाले बैंकको नाम परिवर्तन गरि “डिसिबिएल बैंक लिमिटेड“ राख्ने प्रस्ताव पारित ग-यो । त्यस्तै उक्त सभाले बैंकको वर्तमान शेयर संरचनममा परिवर्तन गरि संस्थापक  शेयरधनी समुहको ५१% र सर्वसाधारण शेयरधनी समुहको ४९% हुने गरि साहि वमोजिम संचालक समितिमा पनि  संस्थापक समुह तर्फवाट ४ जना र सर्वसाधारण शेयरधनी तर्फवाट ३ जनाले प्रतिनिधित्व गर्ने प्रस्ताव पनि पारित ग-यो ।

यस बैंक बिकाश बैंकबाट राष्ट्रिय स्तरको वाणिज्य बैंकमा पदोन्नती हुने पहिलो बैंक हो ।